नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(गुणस्तर मापन तथा नियमन महाशाखा)
रामशाहपथ, काठमाण्डौं ।
: ०१-४२५४७
website : www.mohp.g

प.सं. २०८१/०८२ गु.मा.नि.म.
चलानी नं. ६०९

मिति:२०८१/११/०६

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री आइ.भि.एफ.सेवा प्रदायक स्वास्थ्य संस्था (सबै)

प्रस्तुत विषयमा तहाँ स्वास्थ्य संस्थाले आइ.भि.एफ.सेवा सम्बन्धमा झुटो प्रचार प्रसार तथा चर्को मिडियावाजी गरी सेवाग्राहीहरुलाई चरम ठगी गरेको साथै मनोमानी ढंगले शुल्क समेत असुल्ने गर्ने गरेको भनी गुनासो प्राप्त भएकोले सो सम्बन्धमा तपसिल बमोजिमको व्यवस्था मिलाउनु हुन यस मन्त्रालयको मिति २०८१/१०/३० को निर्णयानुसार अनुरोध छ।

तपसिल

१. आइ.भि.एफ.सेवा सम्बन्धमा झुटो प्रचार-प्रसार नगर्नु/नगराउनु हुन।
२. सेवा शुल्कको विवरण संस्थाको Website मा अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउनु हुन।
३. शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट मापदण्ड बमोजिमको प्रकृया पुरा गरी पुन: अनुमति लिनुहुन।
४. संस्थामा सेवाका लागि आउने विपन्न, असहाय विरामीका लागि दश प्रतिसत नि:शुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुहुन।
५. संस्थाबाट प्रदान गरिएका सेवाको प्रतिवेदन प्रत्येक चौमासिक रुपमा अनुमति प्रदान गर्ने निकायमा अनिवार्य रुपमा उपलब्ध गराउनुहुन।

८१।११।०६

राज कुमार पाण्डे
मेडिकल ल्याव टेक्नोलोजिष्ट